# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०७** **संख्याः १८** **मितिः २०८०।०८।१९**

## भाग-२

**सम्बत् २०८० सालको कार्यविधि नं ९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँपालिका गाउँकार्यपालिकाले बनाएको **"माछापुच्छ्रे गाउँपालिकाको विद्यालय स्वास्थ्य सेवा तथा विद्यालय नर्सिङ कार्यक्रम सञ्चालन सम्बन्धी कार्यबिधि,२०८०"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

माछापुच्छ्रे गाउँपालिका

## माछापुच्छ्रे गाउँपालिकाको विद्यालय स्वास्थ्य सेवा तथा विद्यालय नर्सिङ कार्यक्रम सञ्चालन सम्बन्धी कार्यबिधि,२०८०

**प्रस्ताबना ;-**

माछापुच्छ्रे गाउपालिका भित्रका सबै विद्यालयमा स्वास्थ्य कार्यक्रमलाई शिक्षा क्षेत्र संग समन्वय गर्दै विध्यलाय तहबाटै बालबालिकालाई स्वस्थ जीवन शैली अपनाउन तथा समग्र स्वास्थ्य ,सरसफाई र किशोरकिशोरीको यौन तथा प्रजनन स्वास्थ्य सुधारको आवश्यकतालाई मध्यनजर गर्दै विध्यालय तहमा स्वास्थ्य सेवाको पहुँच पुर्याई विद्यार्थीको स्वास्थ्य अवस्थामा सुधार साथै स्वास्थ्य जीवन शैलीमा सकारात्मक परिवर्तन ल्याउन जान स्वास्थ्य ऐन, राष्ट्रिय स्वास्थ्य नीति, २०७६ साथै माछापुच्छ्रे गाउँ पालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम अनुशार यो कार्यक्रम संचालन गर्न लागिएको हो यो कार्यक्रम माछापुच्छ्रे गाउँपालिकामा हाल सम्म संचालन नगरिएकोले आ.व २०८०/०८१ देखि माछापुच्छ्रे गाउँपालिकाका सबै माध्यामिक तथा आधारभूत विद्यालयमा कार्यक्रम संचालन गर्न आ.व. २०८०/०८१ मा गाउँपालिकाले बजेटको व्यवस्था गरेका कारण यो कार्यक्रम संचालन गर्न विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम संचालन कार्यविधि २०८०/०८१ तयार गरि कार्यक्रम कार्यान्वयन गर्न लागेको हो।

**उद्देश्यः-**

- विद्यालय तहबाटै बालबालिकाहरुलाई स्वस्थ जीवन शैली अपनाउन प्रेरित गर्ने।
- विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवाको पहुँच पुर्याउने।
- विद्यालय स्वास्थ तथा सफा र सिकाई मैत्री वातावरण तयार गर्ने।
- किशोर किशोरिहरुअको यौन तथा प्रजनन स्वास्थ्य तथा किशोरिहरुअको महिनावारीसंग समबन्धित समस्याहरुको समाधान गर्न सहयोग गर्ने।
- विद्यालय उमेरका बालबालिकाहरुको मानसिक स्वास्थ्य प्रबर्धन गर्ने।
- स्वास्थ्य कार्यक्रम संग अन्य कार्यक्रमहरु कार्यान्वयन गर्ने।

**परिभाषा**

बिषय प्रसंगले आर्को अर्थ नलागेमा यस कार्यबिधी अनुसार ;-

१) गाँउपालिका "भन्नाले माछापुच्छ्रे गाँउपालिकालाई सम्झनु पर्छ।

२) अध्यक्ष "भन्नाले माछापुच्छ्रे गाँउपालिका गाँउकार्य पालिकाका अध्यक्षलाई सम्झनुपर्छ I

३) उपाध्यक्ष "भन्नाले माछापुच्छ्रे गाँउपालिका गाँउकार्य पालिकाका उपाध्यक्षलाई सम्झनुपर्छI

४) प्रमुख प्रशाशकिय अधिकृत "भन्नाले माछापुच्छ्रे गाँउपालिका गाँउकार्यपालिकाका प्रमुख प्रशाशकिय अधिकृतलाई सम्झनु पर्छ I

५) स्वास्थ्य शाखा "भन्नाले माछापुच्छ्रे गाँउपालिकाको स्वास्थ्य शाखालाई सम्झनु पर्छ I

६) संयोजक "भन्नाले माछापुच्छ्रे गाँउपालिकाका अध्यक्षलाई सम्झनु पर्छ I

७) चिकित्सक भन्नाले एकिकृत स्वास्थ्य सेवा अन्तर्गत आयुर्बेद सेवामा कार्यरत रजिष्टर्ड चिकित्सक बुझ्नुपर्ने छ।

८) जनशक्ति भन्नाले विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम संचालन गर्ने स्वास्थ्य कर्मीलाई बुझाउने छ।

९) औषधि खरिद भन्नाले माछापुच्छ्रे गाउँपालिकाले संचालन गर्ने स्वास्थ्य सेवा कार्यक्रम पालिका भित्र कार्यक्रम कार्यान्वय गर्दा आवश्यक पर्ने सबै किसिमका औषधिहरु बजारबाट खरिद ऐन अनुशार खरिद गरिएका औषधिहरुलाई बुझ्नु पर्ने छ

१०) बिद्यालय स्वास्थ्य सेवा तथा विद्यालय नर्सिङ सेवा भन्नाले माछापुच्छ्रे गाउँपालिका भित्रका माध्यामिक विद्यालयहरु ५-८, ५-१२ संचालन भएका सबै सामुदायिक तथा सस्थागत विद्यालयमा विध्यार्थीहरुको स्वस्थ्यता ,स्फूर्ति, ज्ञान,शिप,क्षमता बढाउने गरी दैनिक उपयोगी स्वास्थ्य शिक्षा तथा सामान्य उपचार सेवा गर्ने भन्ने बुझ्नु पर्ने छ।

११) विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम अन्तर्गत स्वास्थ्य जांच गरी आवश्यक पर्ने औषधि निशुल्क उपलब्ध गराइने विद्यालयहरुमा स्थानीय स्वास्थ्य सस्थाहरुबाट नर्सिङ कर्मचारिहरु द्वारा दिईने नर्सिङ घुम्ती स्वास्थ्य सेवालाई सेवा लाई बुझ्नु पर्ने छ

१२) "कार्यक्रम बजेट" भन्नाले माछापुच्छ्रे गाउँपालिकाबाट आयुर्वेद स्वास्थ्य कार्यक्रमका लागि विनियोजन गरी सोहि अनुशार कार्यक्रम संचालन गर्न प्राप्त रकम वा अन्य श्रोतबाट प्राप्त रकम बुझ्नु पर्ने छ

१३) " "कार्यक्रम संचालन खर्च" भन्नाले गाउँपालिकाले संचालन गर्ने अन्य स्वास्थ्य सेवाका कार्यक्रम जस्तै तथा आर्थिक प्रसासन ऐन नियम अनुशार खर्च भएको रकमलाई बुझ्नु पर्ने छ

१४) अनुगमन भन्नाले स्वास्थ्य सेवा तथा नर्सिङ कार्यक्रमको गाउँपालिका तथा स्वास्थ्य शाखा , शिक्षा शाखाबाट गरिने कार्यक्रमको समग्र मूल्यांकन गर्ने कार्यलाई बुझी गठन गरिएको समिति र कार्यविधि अनुरुप बढी भन्दा बढी प्रतिफल दिने गरि कार्यक्रमको सकारात्मक टिप्पणीलाई बुझिन्छ

सञ्चालनक समिति गठन सम्बन्धी व्यवस्था

| | | | |
|---|---|---|---|
| १ ) | संयोजक | : | माछापुच्छ्रे गाँउपालिका (अध्यक्ष मा.पु.गा.पा) |
| २) | सदस्य | : | माछापुच्छ्रे गाँउपालिका उपाध्यक्ष |
| ३ ) | सदस्य | : | सामाजिक विकास समिति संयोजक |
| ४ ) | सदस्य | : | प्रमुख प्रसासकिय अधिकृत |
| ५) | सदस्य | : | शिक्षा तथा खेलकुद शाखा प्रमुख |
| ६) | सदस्य | : | स्वास्थ्य शाखा संयोजक |
| ७ ) | सदस्य सचीव | : | नर्सिङ अधिकृत /नर्सिङ स्टाफ गाउँपालिका स्वास्थ्य शाखा |

**समितिको बैठक सम्बन्धि व्यवस्था**

क) समितिको बैठक कम्तीमा वर्षको ३ पटक र आवश्यकता अनुसार संयोजकले तोकेको समय र स्थानमा बस्नेछ ।

ख) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ

ग) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि विभिन्न विषयमा आवश्यक छलफल गर्नुपर्ने आवश्यकता देखिएम वैठकमा सम्बन्धित विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ।

**कार्यक्रम संचालन प्रक्रिया**

१) माछापुच्छ्रे गाउँ पालिकाले विनियोजित गरेको बजेट रकम विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम संचालन गरि सबै विद्यालयमा विस्तार गर्नका लागि चायिने जन शक्ति नियुक्ति गर्ने वा स्थानीय स्वास्थ्य सस्थामा रहेका नर्सिङ कर्मचारीहरुलाई परिचालन गरेवापत पारिश्रमिक तथा यातायात वा कार्यक्रम संचालनका दिनको भत्ता उपलब्ध गराउन , सेवा प्रवेश गरेका कर्मचारीलाई तालिम दिन , आवश्यक औषधि औजार खरिद गर्न, कार्यक्रमको बार्षिक समिक्षा र अनुगमन गर्न बाहेक अन्य शिर्षकमा खर्च गर्न पाईने छैन।

२) **विद्यालयको छनौट :**

- माछापुच्छ्रे गाउँपालिकामा रहेका सबै ५-८ र १-१२ संचालन भएका विध्यालयहरुलाई कार्यक्रममा समेटिने छ।
- विध्यार्थीहरुको मापदण्ड कम्तिमा पनि ५० जना भएको हुनु पर्ने छ।
- विध्यालयमा किशोरीहरु बढी भएको तथा १० बर्ष भन्दा माथि भएका किशोरीहरुको संख्या हुनु पर्ने छ।
- यो कार्यक्रम विद्यालय तथा शिक्षा तथा युवा खेलकुद शाखा साथै सम्बन्धित विद्यालयको समन्वयमा कार्यक्रम संचालन गरिने छ।

३) **जन शक्ति व्यवस्थापन :**

क) कार्यक्रम संचालनका लागि सबै वडामा रहेका स्वास्थ्य चौकीमा रहेका नर्सिङ कर्मचारिहरुलाई व्यवस्थापन व्यवस्थापन गरी कार्यक्रम लागु गरिने छ।

ख) एक विद्यालयमा ५० भन्दा कम विद्यार्थी रहेको अबस्थामा हाल कार्यक्रम जन शक्तिको अभावले कार्यक्रम संचालन थप बजेट व्यवस्था र जान शक्ति व्यवस्थापन भए पछी सबै विद्यालयमा।

ग) नेपाल नर्सिङ परिषदमा दर्ता भएका नर्सिङ कर्मचारीहरुले कार्यक्रम संचालन गरिने छ।

घ) विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रमको लागि तोकिएका कर्मचारिहरुको पारिश्रमिक गाउँपालिकाको खर्च मापदण्ड अनुशार सहभागी भत्ता बराबरको यातायात खर्च रु ७००/- सात सय उपलब्ध गराईने छ।

ङ) स्वास्थ्य सेवा प्रदान गरेका विवरण साथै तत्कालिन अवस्थामा दिईएका स्वास्थ्य सेवाहरुको अभिलेख साथै सेवा प्राप्त विद्यार्थीको अभिलेख राखी प्रतिवेदन समेत गरिने छ।

च) यदि १ भन्दा भन्दा बढी विद्यालय नभएको वडामा हप्ताको १ पटक नै सेवा दिने व्यवस्था सम्बन्धित स्वास्थ्य सस्थाले मिलाउनु पर्ने छ।

४) **कार्य विवरण :**

क. विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रममा संलग्न स्वास्थ्य कर्मिको कार्यविवरण अनुसूची एक बमोजिम हुने छ।

ख. सेवा तथा कार्यक्रम सम्बन्धि अभिमुखीकरण कार्यक्रममा तोकिएका स्वास्थ्य कर्मिहरुलाई गरिने छ ।

ग. सफ्टवेयरबारे तयार गरिएका सबै विवरण सम्बन्धि तालिमको व्यवस्था गरिने छ

घ. विद्यालय स्वास्थ्य सेवा तथा नर्सिङ सेवा कार्यक्रममा आवश्यक पर्ने औषधि माछापुच्छ्रे गाउँपालिका स्वास्थ्य शाखा साथै स्थानीय स्वास्थ्य चौकीबाट गरिने छ भने तथा अन्य भौतिक अबस्थाको तयारि सम्बन्धित विद्यालयले गर्नु पर्ने छ ।

ङ. विद्यालय स्वास्थ्य सेवा तथा नर्सिङ सेवा कार्यक्रममा खटिने स्थानीय स्वास्थ्य कर्मिहरुले कार्यक्रममा सहभागी हुदाको दिनको यातायात खर्च बापत रु. ७००/- (सात सय) उपलब्ध गराइने छ ।

च. कार्यक्रममा सहभागीहुने नर्सिङ कर्मचारीहरुले प्रजनन स्वास्थ्य, स्वास्थ्य परिक्षण साथै सामान्य उपचार ,विद्यालय पोषण, सरसफाई, स्वास्थ्य शिक्षा, वातावरणीय शिक्षा , महामारी रोग नियन्त्रण, खोप, परिवार योजना कार्यक्रम, क्षयरोग, HIV, कुष्ठरोग आदि रोगका सम्बन्धमा विभिन्न विषय बस्तुहरुलाई समेटेर कार्यक्रम संचालन गर्ने छ।

छ. कार्यक्रमको नियमित रेकर्ड साथै प्रतिवेदन गर्ने छन ।

ज. कार्यक्रममा रहदाको दिनमा पूर्ण जिम्मेवार भई सम्बन्धित विद्यालयको नियममानुसार कार्य गर्ने छन ।

झ. स्वास्थ्य उपचार तथा परामर्शका लागि सम्बन्धित विद्यालयले छुटै कोठाको व्यवस्था गरि गोपनियताको हक सम्बन्धि अधिकारलाई सुनिश्चित गर्ने छ ।

ञ. विद्यालयले स्वास्थ्य कार्यक्रमको लागि विभिन्न कोषहरु मार्फत आर्थिक व्यवस्था (संकलन, अनुदान,तथा खर्च ) गर्न सक्ने छ।

ट. उपदफा (ञ) अनुसार संकलित रकम वा प्राप्त अनुदान तथा कोष स्वास्थ्य सेवा कार्यक्रममा मात्रै खर्च गर्नु पर्ने छ ।

ठ. विद्यालय स्वास्थ्य सेवा तथा नर्सिङ कार्यक्रममा खटिएका नर्सिङ कर्मचारीलाई उपयुक्त वातावरण तयार गरि सेवा प्रभावकारी बनाउन जुरेस , शिक्षक, शिक्षिका, विद्यालय बाल क्लव साथै अन्य कर्मचारीले समन्वय गरी सेवा प्रति सहभागी हुने वातावरण सिर्जना गर्नु पर्ने छ ।

ड. सबै स्वास्थ्य सेवाहरुको गोपनियता कायम गर्न सहयोग गर्नु पर्ने छ ।

ढ. सबै विद्यालयमा पुगेर सेवा दिन सक्ने अबस्था कम भए पनि थोरै विद्यार्थी भएका विद्यालयलाई र भौगोलिक अवस्था हेरी एकै दिन कार्यक्रम गर्ने व्यवस्था मिलाईने छ भने यस अबस्थामा सम्बन्धित विद्यालयले समन्वय गर्नु पर्ने छ

**कार्यक्रममा खर्च मापदण्ड**

१) नर्सिङ कर्मचारीलाई विद्यालय स्वास्थ्य सेवा तथा नर्सिङ सेवा कार्यक्रममा कार्य दिनको ७०० यातायात खर्च उपलब्ध गराइने छ ।

२) स्वास्थ्य शाखाबाट कार्यक्रमको नियमित अनुगमन तथा प्रतिवेदन गर्ने छ ।

३) कार्यक्रम संचालन पुर्व छनौट भएका नर्सिङ कर्मचारीहरु र सम्बन्धित विद्यालयका प्र.अ हरुलाई अभिमुखुकरण कार्यक्रम संचालन भए पछी मात्रै विधिवत कार्यक्रम संचालन गरिने छ ।

माछापुच्छ्रे गाउँपालिका

**अनुसूची -१**

विद्यालय स्वास्थ्य सेवा तथा विद्यालय नर्सिङ कार्यक्रमको विवरण

विद्यालयको नाम :

कार्यक्रम संचालन मिति :

विध्यालयमा पुगेको समय : विद्यालयबाट फर्केको समय :

कार्यक्रममा लाभाम्वित : किशोर किशोरी

आज गरिएको मुख्य काम :

विद्यार्थीको स्वास्थ्य जांच गरिएको संख्या :

मुख्य स्वास्थ्य समस्या :

जुकाको औषधि खुवाएको संख्या :

फोलिक एसिड खुवाएको संख्या :

स्वास्थ्य शिक्षा दिएको भए विषय बस्तु :

१)

२)

३)

विध्यालयमा वितरण भएको औषधिको परिमाण :

१ .

२.

३.

कार्यक्रमको प्रतिवेदन google sheet मा भएको विवरण अनुशार पेश गरिने छ

आज्ञाले,

गोपीकृष्ण अर्याल

प्रमुख प्रशासकीय अधिकृत

माझफेदी गाउँपालिका